**बाँफिकोट गाउँपालिकाको विनियोजन ऐन २०८०**

**(गाउँसभाबाट स्वीकृत भएको मिति २०८१।३।१०)**

**बाँफिकोट गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्थापन गर्न बनेको ऐन**

**प्रस्तावना : बाँफिकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चितकोष बाट केही खर्च गर्ने अधिकार दिने र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिमबाँफिकोट गाँउपालिकाले यो ऐन बनाएको छ ।**

**१. संक्षिप्तनाम र प्रारम्भ : (१) यस ऐनको नाम“बाँफिकोट गाउँपालिकाको विनियोजन ऐन २०८१” रहेको छ ।**

**(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।**

**२ आर्थिक वर्ष २०८१।०८२ को निमित्त सन्चितकोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष **२०८१/०८२** को निमित्त लागि गाउँपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित आम्दानी अनुसार चालु खर्च, पुँजिगतखर्च र वित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रु ५१६९८४०००/०० मा नबढाईनिर्दिष्ट गरिएबमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्ने अधिकार दिईएको रकम अर्थिक वर्ष **२०८१/०८२** को निमित्त बाँफिकोट गाउँपालिकाको, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनिकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकमको कुनैमा बचत र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट अपुगहुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी गाउँकार्यपालिकाले रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पुँजीगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याचभुक्तानीखर्च शिर्षकमाबाहेक अन्यचालु खर्च शिर्षकतर्फ सार्न र वित्तिय व्यवस्थाअन्र्तगत साँवा भुक्तानीखर्चतर्फ विनियोजित रकम व्याचभुक्तानीखर्च शिर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरि कुनै एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको निर्णय लिनुपर्ने छ ।

अनुसूची १

| सि न | बजेटको स्रोत/तह | आय अनुमान | ब्यय अनुमान | | |
|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | वित्तीय |
| १ | संघीय शशर्त चालु अनुदान | 190,832,000 | 190,832,000 | | ०. |
| २ | संघीय शशर्त पुजीगत अनुदान | 64,233,000 | | 64,233,000 | ०. |
| ३ | संघीय समानीकरण अनुदान (न्युनत | 85,600,000 | ४९२५००००. | ३६३५००००. | ०. |
| ४ | संघीय राजस्वा बाँडफाँड | 93,100,000 | ६७२०००००. | २५९०००००. | ०. |
| ५ | संघीय विशेष अनुदान | 5,000,000 | | 5,000,000 | ०. |
| ६ | प्रदेश समानीकरण न्युनतम त्रमा अ | 8,886,000 | ५८७२०००. | ३०१४०००. | ०. |
| ७ | प्रदेश राजस्व बाँडफाँड | 500,000 | | 500,000 | ०. |
| ८ | प्रदेश शशर्त अनुदान | 62,633,000 | १७००००००. | ४५६३३०००. | ०. |
| ९ | आन्तरिक आम्दानी | 3,000,000 | | ३००००००. | ०. |
| १० | अल्या आम्दानी | 3,200,000 | | ३२०००००. | ०. |
| जम्मा | | ५१६९८४०००. | ३३०१५४०००. | १८६८३००००. | ०. |
| | | | 63.86 | 36.14 | |

क्षेत्रगत विनियोजन देहाय अनुसार रहने छ।

| सि न | क्षेत्र | विनियोजन प्रस्ताव | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | 37,645,000 | 7.28 |
| २ | सामाजिक विकास | 262,067,000 | 50.69 |
| ३ | भौतिक पूर्वाधार | 95,834,000 | 18.54 |
| ४ | संस्थागत विकास, सुशासन र सेवा प्रवाहः | 115,711,000 | 22.38 |
| ५ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापनः | 5,727,000 | 1.11 |
| | | 516,984,000 | 100 |